नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## नेपाल लाईभस्टक सेक्टर इनोभेशन आयोजना

# विकेन्द्रित आयोजना सहयोग इकाई, बुटवल, रूपन्देही

## गाई/भैसी पालक किसानका लागी भकारो सुधार तथा मलमुत्र व्यवस्थापन सहयोग कार्यक्रममा सहभागी हुन चाहने इच्छुक कृषक समुह/सहकारीहरुलाई प्रस्ताव आव्हान गरीएको सूचना

सूचना प्रकाशन मितिः २०७७/०६/२९ प्रस्ताव दर्ता गर्ने अन्तिम मितिः २०७७/०७/२८

यस आयोजना लागु भएका तपशिल अनुसार जिल्लाका समुह र सहकारीमा आवद्ध भएका न्युनतम २ देखी ५ गोटा गाई/भैंसी पालन गरी संगठित रुपमा दुध उत्पादन र बिक्री गर्ने साना किसानहरुको गाई/भैंसीको भकारो सुधार कार्यक्रममा सहभागी हुन चाहने इच्छुक कृषक समुह/सहकारीले औचित्य र आवश्यकताका आधारमा प्रति पशुपालक कृषक समुहबाट १० जना कृषक र प्रति दुग्ध उत्पादक सहकारी संस्था वा दुध उत्पादनमा संलग्न सहकारी संस्थाहरु (साना, मझौला) बाट २० जना कृषक छनौट गरी सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रमा तोकिएको ढाचामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरीएको छ ।

तपशिलः

| सि. नं. | जिल्ला | गाई/भैंसी पालक कृषक समुह संख्या (कोटा) | भकारो सुधार संख्या (प्रति समुह १० वटा) | दुग्ध उत्पादक सहकारी संस्था (कोटा) | भकारो सुधार संख्या (प्रति सहकारी २० वटा) | गाई/भैंसी संख्याको आधारमा आयोजनाबाट प्रति भकारो सुधारको अधिकतम लगानी रु. |
|---|---|---|---|---|---|---|
| १ | पश्चिम नवलपरासी | २ | २० | २ | ४० | ३०,०००/- (तीस हजार मात्र ।) |
| २ | रुपन्देही | ३ | ३० | ३ | ६० | |
| ३ | कपिलबस्तु | ३ | ३० | २ | ४० | |
| ४ | अर्घाखांची | २ | २० | २ | ४० | |
| ५ | गुल्मी | ३ | ३० | २ | ४० | |
| ६ | पाल्पा | ३ | ३० | २ | ४० | |
| ७ | बर्दिया | २ | २० | ३ | ६० | |
| जम्मा | | १८ | १८० | १६ | ३२० | |
| कुल जम्मा कृषकः | | १८ वटा समुहका १८० र १६ वटा सहकारीका ३२० गरी जम्मा ५०० गाई/भैंसी पालक कृषक | | | | |

**सम्बन्धित समुह/सहकारीले कार्यक्रममा आवद्ध गराउन चाहने कृषकहरुको गोठको न्युनतम मापदण्ड देहाय बमोजिमको हुनुपर्नेछ ।**

१) गोठमा प्रति बयस्क पशु ६ बर्ग मिटरका दरले ठाउ उपलब्ध भएको ।
२) गोठ अग्लो ठाउंमा र बर्षातको पानी नपस्ने र नजम्ने प्रकारको भएको ।
३) गोबर तथा मुत्र संकलन गर्ने नाली तथा खाडल बनाउन उपयुक्त भएको ।

**पेश गर्नुपर्ने कागजातहरुः**

१) प्रस्ताव फाराममा माग भएका विवरणहरु स्पष्ट रुपमा भरीएको हुनुपर्नेछ ।
२) सम्बन्धित स्थानीय तह पशु सेवा शाखाको सिफारीस पत्र ।
३) समुह/सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४) समुहको हकमा १० जना र सहकारीको हकमा २० जना कृषक छनौट गरीएको बैठकको निर्णयको प्रतिलीपी ।

५) **गाई/भैंसी पालक कृषक समूहहरुको हकमा**: एन.एल.एस.आई.पि. बाट आ.व. २०७५/०७६ र २०७६/०७७ मा गठन गरिएका समूहहरुलाई पहिलो प्राथमिकता हुनेछ ।

६) **दुग्ध उत्पादक सहकारी संस्था वा दुध उत्पादनमा संलग्न सहकारी संस्थाको हकमाः**

**पहाडी जिल्लामा**: कम्तिमा १०० जना शेयर सदस्य र कम्तिमा दैनिक १००-२५० लिटरसम्म दुध उत्पादन र संकलन गर्ने क्षमता भएको हुनुपर्नेछ ।

**तराईका जिल्लामा**: कम्तिमा १००-१५० जना शेयर सदस्य र कम्तिमा दैनिक २५०-५०० लिटरसम्म दुध उत्पादन र संकलन गर्ने क्षमता भएको हुनुपर्नेछ ।

दरखास्त फाराम पाइने र दर्ता हुने स्थानः सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र र एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय ।

अनुसूची -१

समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रममा सहभागी हुने गोठको न्यूनतम मापदण्ड

१. गोठमा प्रति वयस्क पशु ६ वर्ग मीटरका दरले ठाउँ उपलब्ध हुनुपर्ने,

२. गोठ अग्लो ठाउँमा र बर्षातको पानी नपस्ने र नजम्ने प्रकारको हुनुपर्ने,

३. गोबर तथा मूत्र संकलन गर्ने नाली तथा खाडल बनाउन उपयुक्त हुनुपर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसुची – २

क. समुह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमुत्र व्यवस्थापन सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक समुह तथा सहकारीबाट माग संकलन फाराम

१. समूह / सहकारी परिचय:

१.१. समुह / सहकारीको नाम :

१.२. समुह / सहकारीको ठेगाना :

१.३. स्थापना बर्ष :

१.४. सदस्य संख्या :

१.४.१. पुरुष : १.४.२. महिला : १.४.३. जम्मा :

१.५. समूह / सहकारीको उदेश्य :

क)

ख)

ग)

**२. समुह सहकारीमा गाई/ भैँसी पालन विवरण**

| क्र.सं. | सहभागी हुने कृषकको नाम | वयश्क गाई संख्या | | वयश्क भैँसी संख्या | | बार्षिक उत्पादन हुने दुध (लि) | बार्षिक बिक्री गर्ने दुध | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | उन्नत | स्थानीय | उन्नत | स्थानीय | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

ख. समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमुत्र व्यवस्थापन सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक समुह तथा सहकारीको निवेदनको ढाँचा

श्रीमान् आयोजना समन्वय प्रमुख ज्यू,
बिकेन्द्रिकृत आयोजना सहयोग इकाई
नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
बुटवल, रुपन्देही ।

महोदय,

उपरोक्त सम्वन्धमा आयोजनाबाट संचालन गरिने समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमुत्र व्यवस्थापन सहयोग कार्यक्रममा यो कृषक समुह / सहकारी संस्था समेत सहभागी हुन इच्छुक भएकोले समूह/ सहकारी संस्थाको मिति ............................... निर्णयानुसार सहभागी गराईदिन अनुरोध सहित आवश्यक विवरण पेश गरेका छौँ । कार्यक्रम प्रभावकारीरुपमा संचालन गर्न र संचालन गर्ने क्रममा आयोजनाबाट प्राप्त हुने अनुदान सहयोग बाहेकको थप लगानी गर्न यो समूह/ सहकारीका सदस्यहरुलाई र यो समुह/ सहकारी मन्जुर भएको व्यहोरा समेत अनुरोध गर्दछौँ ।

............................
अध्यक्ष / सचिव